नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाण्डौ

## प्रेस विज्ञप्ति-५८

## "नाबालिकाहरुलाई मानव बिचबिखन गर्ने युटुबर पक्राउ"

### पक्राउ अभियुक्तहरुको विवरण:-



**नाम:- कुशल खरेल**

**उमेर :२० वर्ष**

**वतन:- जि. काभ्रे चौरीदेउराली गापा-१ स्थाई वतन भई हाल जि. काठमाण्डौ का.म.न.पा.-९ बत्तिसपुतली बस्ने ।**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

१. प्रतिवादीहरुले जिल्ला भक्तपुर मध्यपुर थिमि नगरपालिका वडा नं. १ मनोहरा-जडिबुटीमा सञ्चालन गरेको **सिन्धुली होटल ढिडो सर्भिस् एण्ड गेष्टहाउसमा** आर्थिक अवस्था नाजुक भएका बालिकाहरुलाई राम्रो आम्दानी हुने वेटरको काममा लगाईदिने भनि प्रलोभनमा पारी काममा राखी केही समय पछी गेष्टहाउसमा आएका ग्राहकहरुसँग बसेर खान लगाई धेरै बिल उठाउने काममा लगाउने गरेको खुल्न आएको ,

२. प्रतिवादीहरुले संयुक्त रुपमा संञ्चालन गरेको गेष्टहाउसको कोठामा बालिकाहरुलाई राखी ग्राहकहरुको रोजाईमा बालिकाहरुलाई शारीरिक सम्पर्क राख्न लगाउने गरेको,

३. पीडितलाई निज स्वंयमले पटक पटक यौन शोषण गर्नुका साथै गेष्टहाउसमा आएका ब्यक्तिहरुसँग प्रतिब्यक्ति एक हजार देखी पाँच हजार सम्म लिई बालिकाहरुलाई शारिरीक सम्पर्क राख्न लगाई **बेश्यावृत्तिमा** लगाएको खुल्न आएको ,

४. उक्त गेष्टहाउसबाट प्रयोग भएका तथा नभएका अस्थाई साधन, प्रेग्नेन्सी टेष्ट किट र गर्भ निरोधक औषधी समेत फेला परेको,

५. उक्त कार्यमा संलग्न बीर बहादुर सिंतान र सुबिलाल सिंतानलाई मिति २०८१।०३।२४ गते नै पक्राउ गरी थप अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएकोमा मुद्दा दर्ता भई थप अनुसन्धान भईरहेको,

६. गोप्य सुचनाका आधारमा यस ब्युरोबाट खटिएको प्रहरी टोलीले अभियुक्तहरुलाई मिति २०८१।०४।०८ गते जि. काठमाण्डौ का.म.न.पा.-९ बत्तिसपुतलीबाट पक्राउ गरी थप अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाउने तयारी भईरहेको।

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२८११६०**

**मिति: २०८१/०४/०८ गते।**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np